आज मिति २०७५ साल आश्विन २६ गतेका दिन यस दार्मा गाउँ पालिका गाउँकार्यपालिका अध्यक्ष श्री निम वहादुर के.सी.ज्युको अध्यक्षता मा गाउँ कार्यपालिका बैठक प्रारम्भ गरियो ।

उपस्थिति

(१) श्री निमवहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा वली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष दार्मा - १
(५) श्री झिल्ली वहादुर के.सी. ,, ,, २
(६) श्री खेलिराम रोकाहा ,, ,, ३
(७) श्री चन्द्र वहादुर रावत ,, ,, ४
(८) श्री राम वहादुर के.सी ,, ,, ५
(९) श्री दुर्गा वहादुर मल्ल ,, ,, ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री सन्तराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री जुना मल्ल चन्द ,, ,,
(१४) श्री देवी खत्री ,, ,,
(१५) श्री धनिराम नेपाली ,, ,,
(१६) श्री इन्द्र वहादुर भण्डारी कानुनी सल्लाहकार
(१७) श्री नितेश कुमार - इ अ
(१८) विष्णु रोकाय सव-इन्जिनियर
(१९) श्री जित वहादुर वली खरिदार
(२०) श्री चन्दन जि.एम. - सहलेखापाल

प्रस्तावहरु

१) शुभकामना आदानप्रदान सम्वन्धमा ।
२) सुरक्षा व्यवस्थापन सम्वन्धमा
३) सवारीचालकको विज्ञापन गर्ने सम्वन्धमा
४) वजेट किताव र प्रगती समिक्षा पुस्तक प्रकाशन सम्वन्धमा ।
५) सर्वोच्च अदालतमा कानुनी व्यवसायी पठाउने सम्वन्धमा ।
६) पशुसेवाको जग्गा भाडा सम्वन्धमा ।
७) सुचना प्रविधि अधिकृतको तलव सम्वन्धमा ।
(८) योजना परिमार्जन सम्वन्धमा ।

निर्णयहरू

निर्णय नं.(१) प्रस्ताव नं. १मा छलफल गर्दा यस गाउँपालिकाको आयोजनामा ~~७~~ वडादशैं तथा शुभ दिपावली र छठपर्वको अवसरमा शुभकामना आदान प्रदान गरियो। साथै सर्वमा शुभकामना दिने निर्णय पारित गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २मा छलफल नजिकिँदै गरेको विजया दशमी तथा शुभ दिपावलीको अवसरमा हुन सक्ने सुरक्षा व्यवस्थामा चुनौती कम गर्न गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा र वडा स्तरमा ~~वडास्तर~~ वडाअध्यक्षको संयोजकत्वमा अनुगमन तथा नियमन समिति गठन गरी अनुगमन र नियमन गर्ने निर्णय पारित गरियो।

तपसिल

(क) गाउँपालिका स्तरीय समिति

(१) संयोजक - गाउँपालिका उपाध्यक्ष
(२) सदस्य - वडा अध्यक्षहरू सबै
(३) सदस्य - ईलाका प्रहरीकार्यालय प्रमुख
(४) सदस्य - कानुनी सल्लाहकार गा.पा.
(५) सदस्य - युवा सुचना केन्द्र प्रतिनिधि।
(६) सदस्य - बजार व्यवस्थापन समिति प्रतिनिधि
(७) सदस्य - महिला समूह। सञ्जाल प्रतिनिधि

~~निर्णय नं.~~ (ख) वडास्तरीय समिति

(१) वडाअध्यक्ष - संयोजक
(२) सम्बन्धितवडाका सदस्यहरू - सदस्य
(३) वडा सचिव - सदस्य

निर्णय नं.(३) प्रस्ताव नं. ३मा छलफल गर्दा यस गाउँपालिकाको लागी बजना हल्का सवारी चालक (ड्राइभर) पदको पदसृजना गरी सो को पदपूर्तिको लागी विज्ञापन गर्ने निर्णय पारित गरियो।

निर्णय नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७४।०७५ को समिक्षा र आ.व २०७५।०७६ को बजेट कितान प्रकाशन का लागी २,२०,०००।- रुपाई शिर्षकवार खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ मा छलफल गर्दा सम्मानित सर्वोच्च अदालतबाट प्राप्त दार्मा गाउँपालिकाको नाममा जारी भएको उत्प्रेषण परमादेशको रिट निवेदनको लिखित जवाफ पेश गर्ने, म्याद थप गर्ने र अन्य कार्यको लागी यस दार्मा गाउँपालिकाको कानुनी सल्लाहकार श्री इन्द्र बहादुर भण्डारीलाइ अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं (६) प्रस्ताव नं. ६ मा छलफल गर्दा यस दार्मा गाउँपालिका अन्तर्गत पशुसेवा शाखा को प्रयोजनका लागी गा.पा. स्तरीय जग्गाभाडा मूल्याङ्कन तथा ~~सिफारिस समितिको~~ छनोट समितिले सिफारिस गरे अनुसार दार्मा -६ रतिपोलेका, पर्ने ८ रोपनी जग्गा वार्षिक रु ३६,०००।- मा भाडामा बहाल कट्टी गरी भुक्तानी दिने गरी भाडामा लिने निर्णय पारित गरियो । सो जग्गा पोस्क बहादुर चन्दको नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा भाडामा लिने निर्णय पारित गरियो ।

निर्णय नं.(७) प्रस्ताव नं. ७ मा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।६।११ को च.नं. १२६ को पत्रानुसार IT अधिकृत ~~निजको~~ सेवा सुविधामा ९०% सेवा सुविधा व्यहोर्ने गरी निर्णय पारित गरियो ।

निर्णय नं(८) प्रस्ताव नं. ८ मा छलफल गर्दा गाउँसभाबाट पारित योजना मध्ये ~~ढाकाडाम स्वा~~ त्रिवेणी स्वास्थ्य चौकी भवन मर्मत निर्माण, रेलिङ, गोरेटो निर्माण शिर्षकलाई परिवर्तन गरी स्वास्थ्य चौकी जाने सडक र प्रसुतिगृह फिल्ड निर्माण शिर्षकमा परिवर्तन गर्ने निर्णय पारित गरियो । साथै गाउँसभामा पेश गर्ने निर्णय पारित गरियो ।